नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या :- स्था.त.स.शा./अन्य/फा.सं.-१/०७६/७७

च.नं. :- ४६५

मिति : २०७६/१०/१२

श्री स्थानीय तह (सबै) ।

विषयः जानकारी सम्वन्धमा ।

प्रस्तुत बिषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रायलको प.स. ०७६/७७ च.नं. ६९ मिति २०७६/१०/०५ को प्राप्त पत्र संलग्न छ । पशुप्रति निर्दयी व्यवहार निरुत्साहन गर्ने सम्वन्धमा थप व्यहोरा संलग्न पत्रबाट अवगत गर्नुभई आवश्यक व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ ।

२०७६/१०/१२

(राजकुमार बोहरा)

शाखा अधिकृत

वोधार्थ :

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०७६/७७
च.नं. : ६९

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ५८५
मिति:- २०७६/१०/१२

मिति: २०७६।१०।५

विषयः पशुप्रति निर्दयी व्यवहार निरूत्साहन गर्ने सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

स्थानीय तह क्षमता बिकास महाशाखा
दर्ता नं. २३०
मिति: १०।१२

प्रस्तुत विषयमा मुलुकका विभिन्न स्थानीय तहहरूबाट सामुदायिक पशु नियन्त्रण गर्ने क्रममा पशुप्रति निर्दयी व्यवहार भएको हुँदा यस्ता व्यवहार न्यूनीकरण गरी पशु कल्याणका आधारभूत पक्षहरुको सम्मान गर्नका लागि आवश्यक व्यवस्था हुन विभिन्न संघसंस्था लगायतबाट यस मन्त्रालयमा अनुरोध भएको र देशभित्र पशुप्रति भएका निर्दयी व्यवहार सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाबाट समेत यस मन्त्रालय तथा मातहतका निकायमा चासो व्यक्त भएको व्यहोरा अनुरोध छ। यसै क्रममा सम्मानित सर्वोच्च अदालतमा परेको रि.नं. ०७१-WO-०३७१ मा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७३ श्रावण २० गते भएको फैसलामा पशुपन्छीको ओसारपसार गर्दा तथा अन्य क्रियाकलापका सन्दर्भमा पशुपन्छी उपर निर्दयी व्यवहार हुन नदिन प्रभावकारी व्यवस्था मिलाउन परमादेशको आदेश जारी भएको, साथै सम्मानित सर्वोच्च अदालतमा परेको रि.नं. ०७५- WO-००५२ मा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७५ माघ २८ गते भएको फैसलामा पशुपन्छीको अधिकार संरक्षणका लागि पशु कल्याण सम्बन्धी कानून निर्माण गर्न तथा पशुपन्छीप्रति निर्दयी एवं यातनाजन्य कार्य र व्यवहार भएको पाइएमा तत्काल कानूनी कार्वाही गर्नु भनी परमादेशको आदेश समेत जारी भएको सन्दर्भमा स्थानीय तहहरुबाट घरपालुवा तथा सामुदायिक पशु नियन्त्रण गर्दा अन्तर्राष्ट्रिय प्रचलनमा रहेका विभिन्न विधिहरू मध्येबाट पशु कल्याणका पक्ष सुनिश्चित हुने गरी उपयुक्त वैज्ञानिक विधि प्रयोग गर्न र यस विषयमा प्राविधिक सहयोग आवश्यक भएमा पशु सेवा विभाग, हरिहरभवन, ललितपुरमा सम्पर्क गर्न सबै स्थानीय तहहरूलाई जानकारी गराइदिनहुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०७६।१०।५ को निर्णयानुसार अनुरोध छ।

डा.बरुण कुमार शर्मा
वरिष्ठ पशु चिकित्सक

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रादेशिक समन्वय तथा योजना महाशाखा, सिंहदरवार, काठमाडौं।
श्री पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।